# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बांके, प्रदेश नं. ५, नेपाल

## महानगरपालिका विकासको लागि संभाव्यता अध्ययन र बृहत / एकीकृत शहरी विकास योजना तर्जुमाका लागि आशय पत्र आव्हान सम्बन्धी सूचना !

**(सूचना प्रकाशित मिति : २०७६/१०/०९)**

नेपालगंज उप-महानगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार यस नगरको अगुवाई र सरोकारवालाको सक्रिय संलग्नतामा सहभागितामुलक तरिकाबाट संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट जारी TOR [Terms of Reference] को आधारमा यस उप -महानगरपालिकालाई महानगर बनाउने योजनाका लागि संभाव्यता अध्ययन र समग्र उप-महानगरपालिकाको एकिकृत शहरी विकास योजना तर्जुमाका लागि TOR [Terms of Reference] तयार भै यस कार्यालयबाट स्वीकृत भएको छ। यसरी स्वीकृत TOR मा उल्लेख भए बमोजिम यस उप-महानगरको महानगर बनाउने संभाव्यता अध्ययन र यस नगरको ५ वर्ष अवधिका लागि बृहत एकीकृत शहरी विकास योजना तर्जुमा गर्न लागिएको छ। महानगरपालिकाको संभाव्यता अध्ययन गर्दा यस नगरको हालको स्थितिको चित्रण गर्दै महानगर घोषणाको लागि आवश्यक मापदण्डको पहिचान गर्नुपर्नेछ । यसरी उक्त कार्यका लागि छिमेकी स्थानीय सरकारको समेत सतही अध्ययन गर्नुपर्नेछ। बृहत/ एकीकृत शहरी विकास योजना तर्जुमा गर्दा जलवायु परिवर्तन अनूकुलन, वातावरण संरक्षण, विपद् जोखिम न्यूनिकरण, फोहोर मैला व्यवस्थापन, बालमैत्री स्थानीय शासन र क्षमता विकास, सामाजिक सद्भाव, लैंगिक समता तथा सामाजिक समावेशीकरण र जवाफदेहिता आदि जस्ता विषयगत क्षेत्रलाई योजना तर्जुमा प्रक्रियामा साझा सवालको रुपमा समावेश गरी योजना तर्जुमा गरिनेछ। सम्बन्धित विषयगत क्षेत्रमा अनुभव भएका योग्य व्यावसायिक फर्म/परामर्शदाताबाट प्राविधिक तथा परामर्श सहयोगमा बृहत/ एकीकृत शहरी विकास योजना तर्जुमा गरिने छ।

यस उप-महानगरपालिकाको महानगरपालिका विकासको लागि संभाव्यता अध्ययन र बृहत/एकिकृत शहरी विकास योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग तथा परामर्श सेवा प्राप्त गर्न सम्बन्धित विषय क्षेत्रमा अनुभव भएका ईच्छुक पेशागत दक्षता तथा अनुभव भएका व्यवसायिक फर्म/परामर्शदाता संस्थाबाट कार्य गराउन संक्षिप्त सूचि तयार गर्नुपर्ने भएकोले देहाय अनुसार तोकिएको ढांचामा आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. आशयपत्रको ढांचा यस कार्यालयबाट संकलन गर्न वा यस कार्यालयको वेभसाइट बाट समेत डाउनलोड गर्न सकिने छ। थप जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

२. इच्छुक योग्यता पुगेका संस्थाले तोकिएको ढांचामा आशय पत्र निम्नानुसारको कागजात सहित पेश गर्नु पर्नेछ।

- आशय पत्र पेश सम्बन्धी आवेदन।
- संस्थाको विस्तृत विवरण।
- संस्थाको कानूनी (दर्ता, नवीकरण, भ्याट/पान दर्ता, कर चुक्ता) दस्तावेज/प्रमाणपत्र।
- संस्थाको प्रोफाइल तथा कामको अनुभव विवरण।
- संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको विवरण।
- संस्थाको विगत ३ वर्षको बित्तीय कारोवार सम्बन्धी विवरण।
- संस्था कालो सूचीमा नपरेको स्वघोषित पत्र।
- व्यक्तीगत परामर्शदाताको हकमा विगत ४(चार) बर्षको र दुई वा दुई भन्दा बढी फर्म वा कम्पनीले समुह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिनेको हकमा विगत ७ (सात) बर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण तथा निजको व्यक्तिगत विवरण।
- संस्थाको प्रमुख कर्मचारी तथा आवद्ध पेशागत विज्ञहरुको व्यक्तिगत विवरण (CV) तथा कार्य अनुभवको क्षेत्र।

३. इच्छुक आवेदक संस्थाले आशय पत्र सम्बन्धि कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरणहरु भरी आवश्यक कागजातसंलग्न गरी शिलबन्दी गरी खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरि यस कार्यालमा पेश गर्नुपर्नेछ।

४. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ।म्याद र समय भित्र दर्ता हुन आएको आशय पत्र सोही दिन दिनको २.०० बजे नेपालगंज उप महानगरपालिकामा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।आशय पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि आशय पत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. म्याद नाघि आएका तथा रित नपुगेका आशय पत्र स्वीकार गरिने छैन्।

६. आवेदक संस्थाको आधिकारिक कागजात तथा प्रमाण, कार्य अनुभव, र आर्थिक, भौतिक तथा मानवीय संशाधनको अवस्थालाई आधार मानी संक्षिप्त सूची तयार गरिनेछ।

७. आशयपत्र मूल्यांकनका आधारमा आवेदक संस्थाहरुको संक्षिप्त सूची तयार गरि मूल्यांकनको माथिल्लो श्रेणीमा रहेका कम्तिमा ३ देखी ६ वटा संस्थाहरुलाई मात्र प्राविधिक तथा आर्थिक प्रस्तावको लागि आमन्त्रण गरिनेछ।

८. आशयपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिनेछ। संयुक्त उपक्रमको रुपमा आशय पत्र पेश गर्न इच्छुक आवेदकले आशय पत्र पेश गर्दा मुख्य भई कार्य गर्ने प्रमुख संस्था खुलेको विवरण तथा संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्बन्धी सम्झौताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ।

९. यस आशय पत्र आव्हान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछन्।

१०. अन्तिम प्रतिवेदन TOR मा उल्लेखित समयाबधि भित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत